जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १०, अङ्क - २१, २०७८ पुस १५ गते विहीबार, 30 Dec.2021 नेपाल सम्वत्-११४२ पृष्ठ-६, मूल्य रू. ५/-

तमु ल्होसारको अवसरमा आज सार्वजनिक बिदा

○ सहीखबर संवाददाता

मकवानपुर/ सरकारले आज अर्थात् पुस १५ गते सार्वजनिक बिदा दिएको छ ।

आज गुरुङ्ग समूदायहरुले मनाउने विशेष पर्व तमु ल्होसारका लागि सार्वजनिक बिदा दिने निर्णय गरेको हो । बुधबार बसेको मन्त्रिपरिषद बैठकले देशभरका सरकारी कार्यालय तथा सार्वजनिक निकायमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

तमु ल्होसारका लागि सार्वजनिक विदाको निर्णय हुनुअघि नै सामाजिक सञ्जालमा बिदाको सूचना भन्दै प्रवाह भएको थियो । तर गृह मन्त्रालयले सार्वजनिक बिदाको बारेमा सामाजिक सञ्जालमा आएको सूचना गलत भएको जनाएको छ । बुधबार बेलुका बसेको मन्त्रिपरिषद बैठकले मात्र सार्वजनिक बिदाको निर्णय गरेको मन्त्रालयले जनाएको हो ।

२०७७ साल चैत ९ गते प्रकाशित सरकारको सार्वजनिक बिदा सम्बन्धी राजपत्रमा तमु ल्होसार चाड सबैलाई सार्वजनिक विदा हुनेको सूचीमा छैन । उक्त सूचनामा सम्बन्धित धर्म संस्कृती मान्ने समूदायलाई मात्रै बिदा हुने भनी उल्लेख थियो । तमु ल्होसार गुरुङ समुदायले मनाउने पर्व हो ।

गुरुङ्ग समुदायमा विशेष पर्वको रुपमा मनाइने तमु ल्होसारको अवसरमा सम्पूर्ण गुरुङ्ग समूदायलगायत यो पर्वमा आस्था राख्ने सम्पूर्णमा हार्दिक शुभकामना

●सहीखबर साप्ताहिक परिवार

सेताम्य बन्यो उत्तरी क्षेत्र त्रिभुवन राजपथ अबरूद्ध

○ सरिता दाहाल

मकवानपुर/ मकवानपुरमा मंगलबार रातीबाट परेको वर्षाको कारण मौसमको तापकक्रम घटेको छ । पानी परेसंगै मकवानपुरको उत्तरी क्षेत्र दामन र सिमभञ्याङ क्षेत्रमा हिउँ परेको छ ।

उक्त क्षेत्रमा बुधबार बिहानैबाट हिमपात सुरु भएपछि हिउँसँग खेल्न रमाउनेहरुले आन्तरीक पर्यटनको लागि योजना बनाइसकेका छन् । उक्त क्षेत्रमा यस वर्षको पहिलो हिमपात भएको हो । प्रत्येक वर्ष हिउँपरेसँगै थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रमा आन्तरीक तथा बाह्य पर्यटकहरुको भीड लाग्ने गरेको छ । तर, होटललगायतको व्यवस्थापन पक्ष फितलो हुने गरेको कारण खाना तथा बसोबासमा समस्या हुने गरेको छ ।

यसैबिच पर्यटकीय क्षेत्र थाहा नगर पालिकाको सिमभञ्याङ र दामन क्षेत्रमा हिमपात हुँदा हेटौंडा-काठमाडौ जोड्ने पुरानो सडकमार्ग त्रिभुवन राजपथ अवरुद्ध रहेको छ ।

जिल्ला प्रहरी कार्यलय मकवानपुरका निमित्त प्रहरी प्रवक्ता राजकुमार सापकोटाले अघोर, सीमभञ्ज्याङ र दामन क्षेत्रको उक्त सडक मार्गमा २ फिटसम्म हिउँ जम्दा सडक अवरुद्ध भएको बताए । सडकमा हिउँ जम्दा हेटौंडाबाट काठमाडौँ तर्फ जाने र काठमाडौँबाट हेटौंडातर्फ आउने सवारीसाधन सञ्चालन गर्दा दुर्घटना हुने सम्भावनाको जोखिम भएकोले यातायात संचालनमा रोक लगाईएको उनले बताए ।

बुधबार बिहान देखि साँझसम्मनै हल्का वर्षा र निरन्तर हिमपातले सडक खुलाउन नसकिएको र आज बिहिबार मौसम सुधार भएमा बाटो सफा गर्न प्रयास गरिने उनले बताए । 'मौसम हेरेर विहीबार नगरपालिकासंग समन्वय गरेर हिउँ पन्छाएर यातायात सञ्चालन गर्न कोशिस गरिने छ' उनले भने ।



आजबाट मौसम सफा हुने

आज विहीबारबाट मौसममा सुधार देखिने अनुमान गरिएको छ । गत आइतबार पश्चिम नेपालबाट प्रवेश गरेको पश्चिमी न्यून चापीय तापप्रणालीका कारण मंगलबार राति बुधबार दिनभर देशभर नै वर्षा र हिमपात भएको भयो । आज विहीबारबाट विस्तारै मौसममा सुधार आउने जल तथा मौसम पूर्वानुमान महाशाखाले गरेको छ ।

विहीबारबाट क्रमशः तापमान प्रणालीको असर हट्दै जाने र दिउँसो घाम लाग्ने आँकलन महाशाखाकाले गरेका हुन् । यद्यपि, बिहान पश्चिमी न्यून चापीय प्रणाली र भारतको बिहार आसपसमा रहेको न्यून चापीय क्षेत्रको प्रभाव रहेने अनुमान गरिएको छ । बिहान देशभर आंशिक र थोरै स्थानमा वर्षा हुने छ । उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपात भएपनि दिउँसोबाट मौसम सफा हुने अनुमान गरिएको छ ।

दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रहनेछ । पहाडी भूभागको थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना छ । यसैगरी भोली शुक्रबार गण्डकी र प्रदेश १ को केही स्थानमा हल्का वर्षा र ती प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका हल्का हिमपातको संभावना रहेको छ ।

चिसो बढेपछि बुधबार विद्यालयहरु बन्द

○ सम्झना घिमिरे

मकवानपुर/मंगलबार रातीबाट एक्कासी बढेको चिसोको कारण जनजीवन प्रभावित भएको छ । चिसोको कारण बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने असर लाई मध्यजनर गर्दै मकवानपुर जिल्लाका अधिकांश विद्यालयहरु बुधबार बन्द गरि एका छन् ।

मंगलबार राति भएको वर्षापछि मकवानपुर जिल्ला दामन, पालुङ्गलगायतको स्थान हिमपात सुरु भएको छ ।

एक्कासी बढेको चिसोले बालस्वास्थ्यमा पर्न सक्ने असरलाई ध्यान दिएर नगर प्रमुखको आदेश अनुसार एक दिन नगरभित्रका विद्यालयहरु बन्द गरि एको हेटौंडा उपमहानगरपालिका शिक्षा



विकास महाशाखाले विज्ञप्ति मार्फत जनाएको छ । यसैगरी मकवानपुरगढी गाउँपालिकाले पनि चिसोको कारण पठन पाठनलाई निरन्तर ता दिने बातावरण नभएको भन्दै गाउँपालिका भित्रको विद्यालयहरु बन्द रहेको बताएको छ ।

यसैगरी मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले पनि चिसो बढेको भन्दै बुधबा एक दिन विद्यालयको पठनपाठन बन्द गरको थियो ।

बुधवार बिहानदेखि भएको वर्षाले चिसो हृवात्तै बढेको भन्दै विद्यार्थीको स्वास्थ्यमा पर्न सक्ने प्रतिकुल असरलाई मध्यनजर गर्दै गाउँपालिका भित्रको विद्यालयको पठनपाठन बन्द गरिएको गाउँपालिका अध्यक्ष जीवन लामाले जानकारी दिए ।

बुधवार बिहानदेखि भएको वर्षाले मकवानपुरका जाडो बढ्यसंगै थाहा नगर पालिकाको सिमभञ्याङ र दामन क्षेत्रमा बिहानैबाट निरन्तर हिमपात हुँदा हेटौंडा-काठमाण्डौ जोड्ने पुरानो सडकमार्ग त्रिभुवन राजपथ समेत अवरुद्ध भएको छ । चिसो मौसममा बालबालिका र वृद्धवृद्धाको स्वासथ्यमा विशेष चासो राख्न स्वास्थकर्मीले अनुरोध गरेका छन् ।

२०७८ पुस १५ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादकः- सरिता दाहाल
समाचार संयोजकः संझना घिमिरे
प्रबन्ध व्यवस्थापकः- सिताकुमारी घिमिरे
बजार व्यवस्थापक:सावित्रि देवी श्रेष्ठ (डंगोल)
मुख्य कार्यालयः- हेटौंडा-५ मकवानपुर
सम्पर्कः- ९८४५४६१३३३
इमेलः journalistdahal@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रणः-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

चिसोबाट बचौं

मंगलबारबाट देशभरको मौसममा एक्कसी चिसोपना बढेको छ । मंगलबार रातिबाट पर्न सुरू गरेको चिसो वर्षा बुधबार अबेरसम्म रोकिएको छैन । निरून्तर भएको बर्षाको कारण हिमाली जिल्लाहरूमा हिउँ र तुसारोले छपक्कै ढाकेको छ । तराईका जिल्लाहरूमा पनि शित लहर चलेको छ । एक्कासी मौसममा आएको खराबिको कारण बालबालिका र वृद्धाहरूको स्वास्थ्यमा समस्या देखिएको छ । चिसो बढेको कारण बालबालिकाहरूलाई खोकि लाग्ने, सिजलन ज्वरो आउने लक्ष्यण देखिएको छ । साथै स्वास प्रश्वासमा समेत समस्या देखिन थालेको छ । एकाएक घटेको तापक्रमको कारण जनजीवन प्रभावित भएको छ ।

चिसोबाट बँच्नको लागि समयमै ध्यान दिइएन भने स्वास्थ्य समस्या झन् झन् जटिल बन्दै जान सक्ने भएकोले समयमै ध्यान दिनु अवश्यक छ । चिसोबाट बँच्न तातो झोलिलो पदार्थ प्रसस्त मात्रामा पिउने गर्नु, न्यायो कपडा लगाउने गर्नु, ताजा र पौष्टिक खानेकुरा खाने गर्नु पर्छ । यसै गरी उपलब्ध भएसम्म घाम वा आगो तापेर पनि शरिरको तापक्रमलाई सन्तुलित राख्न सकिन्छ । यसैगरी मनतातो तेल मसाज गरेर, शिारिरीक व्यायम गरेर, बालबालिका ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कीएर पनि सुरक्षा अपनाउन सकिन्छ ।

तर जाडोबाट बँच्ने नाममा धुमपान, मध्यपान गर्ने, यस्ता गतिविधिमा संलग्न हुनको लागि उस्काउने गर्नु कदापि हुँदैन । आफ्नो, आफ्नो परिवार तथा आफन्तको स्वास्थमा ध्यान दिएर आपसमा स्वस्थ्य व्यवहार अपनाएर हामीले प्रतिकुल मौसमबाट सुरक्षित हुन सक्नेछौ । आफ्नो तर्फबाट स्वास्थ्य सुरक्षा अपनाउँदा अपनाउँदै पनि स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिनु अनिवार्य छ । स्वास्थ बानी अपनाऔं, स्वस्थ रहौं । चिसोबाट बचौं बचाऔं ।

साइबर अपराधको डरलाग्दो रूप



✍ बबिता बस्नेत

वि.सं. २०७५ साल चैत १८ गते संसद्को विकास तथा प्रविधि समितिले 'सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई लिएर गरेको छलफल कार्यक्रममा तात्कालिन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले सामाजिक सञ्जाल दर्ताको व्यवस्था विधेयकमा गरिएको बताउँदा सहभागीहरूले उहाँलाई ब्यङ्ग्य गरेका थिए । यो पक्तितकारले पनि मन्त्रीलाई प्रश्न गरेकी थिएँ- 'सामाजिक सञ्जाल दर्ता गर्नुपर्ने कानून त हामीले ल्याउन लाग्यौं तर भोलि फेसबुक, ट्वीटर लगायतले नेपालमा दर्ता हुन मानेन या वास्तै गरेनन् भने हामीले सोसियल मिडिया नचलाउने ? सामाजिक सञ्जाल दर्ता गर्ने कुरा कति ब्यवहारिक होला ?' जवाफमा उहाँले यो अहिलेको आवश्यकता भएकाले ब्यवहारिक बनाउनुपर्छ भन्ने जवाफ दिनुभएको थियो । कतिले त्यतिबेला सञ्चार मन्त्री बास्कोटाले सामाजिक सञ्जाल बन्द गर्न लागे भनेर सामाजिक सञ्जालमा आलोचना गरे ।

अहिले मुलुकमा डिजिटल हिंसाको अवस्था के-कस्तो रहेछ भन्ने बुझनका लागि २०७८ साल मंसिर १० गते काठ्माडौंको र त्नपार्कस्थित नेपाल प्रहरीको साइबर ब्युरोमा पुग्दा आफूमाथि साइबर अपराध भएको भनी उजुरी गर्नेहरूको लाइन थियो । २०७८ साल श्रावणदेखि कार्तिकसम्म ४ महिनाको बीचमा १८ सय ६२ वटा साइबर अपराधका उजुरीहरू दर्ता भएका रहेछन् । दर्ता भएका घटनामध्ये ९ सय २ वटा घटना महिलासँग सम्बन्धित थिए ।

साइबर हिंसाबाट ती चार महिनामा १८ वर्षमुनिका ६१ जना किशोर-किशोरीहरू प्रताडित भएका उजुरीहरू परेका छन् । आर्थिक वर्ष २०७७, ७८ मा साइबर क्राइमसँग सम्बन्धित ३ हजार ९ सय ६ वटा उजुरीहरू परेका छन् । तीमध्ये महिलाहरूमाथि भएको दुर्व्यवहारसम्बन्धी २ हजार ३ वटा रहेका छन् । पुरूषका १४ सय ७१ घटना रहेका छन् भने अन्य लिङ्गीका २ सय २४ घटना दर्ता भएका छन् । महिला वा पुरूष नखुलाइएका २ सय २४ वटा घटना एलजीबीटीआई समूदायबाट दर्ता भएको मान्न सकिन्छ ।

नेपाल प्रहरीले एलजीबीटीआई समूदाय भनी छुट्याएको छैन, छुट्याएर तथ्याङ्क राखेमा उक्त समूदायले भोग्दै आएका हिंसाको पनि सही तथ्याङ्क बाहिर आउन सक्छ ।

प्रदेशका आधारमा छुट्याएर हेर्दा गत वर्ष प्रदेश नं १ मा सबैभन्दा बढी ३ सय ४५ घटनाहरू दर्ता भएका छन् । त्यसपछि लुम्बिनी प्रदेशमा २ सय २७ रहेका छन् । बागमती प्रदेशमा १ सय ६९, गण्डकी प्रदेशमा १ सय ४, प्रदेश नं २ मा ८७, सुदूरपश्चिम प्रदेशमा ४३, कर्णाली प्रदेशमा २४ र हेलो सरकारमा २४ वटा उजुरी परेका छन् । विगत ४ महिनाको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी उजुरीहरू बागमती प्रदेश काठमाडौंमा रहेको नेपाल प्रहरीको साइबर ब्युरोमा १ सय ३९ घटनाहरू दर्ता भएका छन् । काठमाडौंपछि घटना दर्ता हुने स्थान लुम्बिनी प्रदेश रहेको छ जहाँ १ सय ३५ घटना दर्ता भएका छन् ।

नेपाल प्रहरीमा परेका यी उजुरीमध्ये सबैभन्दा बढि दुर्व्यवहार फेसबुकको माध्यमबाट गरिएको छ । फेसबुकपछि टिक टकबाट दुर्व्यवहारमा परेको भनी ३८ जनाले उजुरी दिएका छन । महिला र किशोरीमाथि भएका दुर्व्यवहारहरूलाई हेर्दा दुर्व्यवहार गर्ने माध्यमको रूपमा फेसबुक, भाइबर, इमो, युटुब, ह्वाट्स एप, ट्वीटर, इन्स्टाग्राम, वेवसाइट, इमेल र इ-सेवालाई प्रयोग गरिएको छ । फेसबुक, इमेललगायतको आइडी ह्याक गरेर इसेवामार्फत आर्थिक ठगी हुने गरेको देखिएको छ । महिलाको सवालमा नाङ्गो फोटो अरूलाई पठाइदिन्छु भनेर ब्लाकमेलिङ गर्ने पुरूषको सत्त्या ठुलो देखिएको छ । प्रेम-सम्बन्ध हुँदा राखिएका शारीरिक सम्बन्धका भिडियो विवाह हुन नसकेपछि सेयर गरि दिनेहरू पनि छन् । अश्लिल सामाग्रीसम्बन्धी मुद्दामा केही महिला पनि परेका छन् । विवाहेत्तर सम्बन्धका फोटो भिडियोहरू सासु-ससुरालाई पठाइदिन्छु भनेर पैसा लिनेहरू त्यत्तिकै छन् । महिला र किशोरीका सम्बन्धमा अधिकांश मुद्दा चरित्र हत्यासँग सम्बन्धित छन् भने पुरूषका ठगी र केही चरित्र हत्यासँग सम्बन्धी रहेका छन । अश्लील भिडियो र फोटोका कारण पीडित हुने गरेका पुरूषहरू प्रायः भारतीय महिलाबाट ठगिने गरेका रहेछन् ।

तथ्याङ्क र प्रवृत्तिको बारेमा कुरा गरेपछि साइबर ब्युरोका अनुसन्धान अधिकृतलाई तपाईंहरूलाई अनुसन्धानमा सहयोग पुऱ्याउनका लागि के कुराको आवश्यक्ता छ ? भनेर सोधेकी थिएँ । जवाफमा उहाँले हाम्रो देशमा सामाजिक सञ्जालको कार्यालय नभइभएन भन्नुभयो । उहाँले भन्नुभयो- 'फेसबुकको अफिस अमेरिकामा छ, टिकटकको अफिस चीनमा छ, कुनै पनि सामाजिक सञ्जालका कार्यालय नेपालमा छैनन् । फेसबुकबाट धेरै उजुरी पर्छन्, हामी अमेरिका पठाउछौं, उनीहरूले २५ दिनभित्र हामीलाई जानकारी पठाउँछन्, विषयबस्तुको संवेदनशीलता हेरेर कहिलेकाहीं चाँडै पनि पठाउँछन् तर उनीहरूको नियमअनुसार २५ दिनसम्म उनीहरूले लिन पाउँछन्, यता हाम्रो हदम्याद ३५ दिनको छ । यदि नेपालमा सामाजिक सञ्जालका कार्यालय भएका भए हामी तत्कालै छानवीन गरेर कार्वाही प्रक्रिया अघि बढाउन सक्थ्यौं । उनीहरूले सूचना तथा जानकारी पठाउन ढिलो गरे हामी आफैं गएर छानविन गर्न सक्थ्यौं ।'

'सूचना प्रविधिको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०७५' विगत ३ वर्षदेखि संसद्मा विचाराधीन छ । विधेयकको परिच्छेद १४ मा सामाजिक सञ्जालसम्बन्धी ब्यवस्था गरिएको छ । सामाजिक सञ्जाल दर्ता र नियमन सम्बन्धमा भनिएको छ- 'सामाजिक सञ्जाल सञ्चालन गर्न चाहने ब्यक्तिले यस ऐन बमोजिम विभागमा दर्ता गर्नुपर्नेछ । ऐन प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका समाजिक सञ्जाल तोकिएको विभागमा दर्ता हुनुपर्ने छ । सूचना ***बाँकी पेज ५ मा***

२०७८ पुस १५ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

महिला सहभागितामा गुणात्मक फड्कोको खाँचो



✍ वर्षा झा

> “आज महिलाको पहिचान र भूमिका केवल घरभित्रै मात्र सीमित नभई शिक्षा तथा नेतृत्वमा समेत देखा पर्न थाल्नु सुखद संकेत हो, तापनि निर्णय प्रक्रिया र प्राथमिकता निर्धारणमा सधैं पुरुष हावी रहनु दु:खद पक्ष हो ।”

नेपालको संविधानले महिलाको राजनीतिक स्थितिमा सुधार ल्याउन विभिन्न प्रबन्ध गरेको छ । धारा ३८, ४२, ५०(१), ७६(९), ८४(२), ८४(८), ८६(२)(ख), १६८(९), १७६, २२२, २२३ मा महिलासम्बन्धी व्यवस्था छन् । तापनि तिनको कार्यान्वयन पक्ष कमजोर भएकाले उपलब्धिहरू उपभोग गर्न कठिन भएको अवस्था छ । राज्यका हरेक तहमा महिला प्रतिनिधित्व ३३ प्रतिशत पुऱ्याउन पनि सकस परिरहेको देखिन्छ ।

संयुक्त राष्ट्रसंघीय महासभाद्वारा सन् १९७९ मा पारित भई सन् १९८१ देखि लागू भएको महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (सीईडीएडब्लू) को केन्द्रीय विषयमध्ये एक सार्वजनिक जीवनमा महिला तथा पुरुषको समान सहभागिता हो ।

यो महासन्धिमा नेपालले हस्ताक्षर गरेको २० वर्षभन्दा बढी भएको छ, १७९ राष्ट्रहरू पक्ष बनेका छन् । तिनीहरू निर्णायक भूमिका र नेतृत्वदायी पदहरूमा महिला सहभागिता अभिवृद्धि गर्ने उपाय प्रवर्द्धन गर्न बाध्य छन् । सन् १९९५ मा बेइजिङमा आयोजित राष्ट्रसंघको महिलासम्बन्धी चौथो विश्वसभाले सीईडीएडब्लूका प्रावधान कार्यान्वयन गर्न पुन: दबाब सृजना गऱ्यो ।

कार्यान्वयनका लागि बेइजिङ मञ्चले ‘सबै तहमा शक्ति साझेदारी र निर्णायक भूमिकामा महिला तथा पुरुषहरूबीचको असमानता’ र ‘महिला विकास प्रवर्द्धनमा सबै तहमा अपर्याप्त संयन्त्र’ लाई महिलाको अग्रगमनका निमित्त कार्य गर्नका लागि दुई महत्त्वपूर्ण सरोकार-क्षेत्रका रूपमा पहिचान गऱ्यो ।

द्वन्द्वपछिको राष्ट्र निर्माणमा महिलाको सहभागितालाई यसको परिधिभित्र ल्याउन यसलाई अरू बढी विस्तार गरियो, जसलाई संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षाबारेको सन् २००० को अक्टोबरमा पारित प्रस्ताव नम्बर १३२५ मा अभिव्यक्त गरिएको थियो ।

२००७ सालअघिसम्म नेपाली महिलाहरू राजनीतिक, सामाजिक र आर्थिक सबै प्रकार का अधिकारबाट वञ्चित थिए । २०१५ सालको प्रथम प्रतिनिधिसभाको निर्वाचनमा १०५ स्थानका लागि १५ जना महिला उम्मेदवार भएकामा एक जना मात्र द्वारिकादेवी ठकुरानी निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री भएकी थिइन् ।

तर हाल परिवेश फेरिएको छ, आज महिलाको पहिचान र भूमिका केवल घर भित्रै सीमित नभई शिक्षा तथा नेतृत्वमा समेत देखा पर्न थाल्नु सुखद संकेत हो, तापनि निर्णय प्रक्रिया र प्राथमिकता निर्धारणमा सधैं पुरुष हावी रहनु दु:खद पक्ष हो ।

०४६ सालको परिवर्तनपछि जारी ०४७ सालको संविधानको धारा ११(५) मा महिला र पुरुषबीच पारिश्रमिकमा भेदभाव गरिने छैन भनिएको थियो । त्यस्तै धारा ११४ अनुसार संसद्को निर्वाचनमा कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार हुनुपर्थ्यो, साथै राष्ट्रिय सभामा कम्तीमा ३ जना महिला सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था थियो । यसलाई संसद्मा महिला सहभागिता सुनिश्चितताको सुरुआतको रूपमा लिन सकिन्छ । स्वायत्त शासन ऐन २०५५ ले पनि स्थानीय निकायमा महिला सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था गरेको थियो । २०५२ सालमा सर्वोच्च अदालतले छोरीलाई अंशसम्बन्धी निर्देशनात्मक फैसला गरेको थियो । २०५८ सालमा मुलुकी ऐन २०२० लाई एघारौं संशोधन गरी महिला अधिकार सम्बन्धमा सुधारको प्रयत्न गरियो ।

नेपालमा पटक-पटकको राजनीतिक परिवर्तनले महिला सहभागिता र सचेतना बढाउँदै लगे पनि निर्णायक तहमा महिला प्रतिनिधित्व भने अझै न्यून देखिन्छ । २०६२/६३ को जनआन्दोलनपछि समानुपातिक निर्वाचन प्रणालीले धेरै महिला राजनीतिमा सक्रिय भए, सभासद्देखि राष्ट्रको गरिमामय पद पुग्ने मौकासम्म पाए ।

२०६३ को परिवर्तनपश्चात् संसद्मा महिला सहिभागिता एवं प्रतिनिधित्व सुनिश्चिततामा उल्लेखनीय प्रगति देखिन्छ । पहिलो संविधानसभामा महिला सदस्यहरूको प्रतिनिधित्व ३२.७८ प्रतिशत थियो भने दोस्रो संविधानसभामा २९.२८ प्रतिशत ।

हाल संघीय संसद्को प्रतिनिधिसभा र राष्ट्रिय सभाका कुल ३३४ सदस्यमध्ये ११२ जना अर्थात् ३३.५३ प्रतिशत महिला सदस्यहरूको सहभागिता छ । प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचनमार्फत् ६ र समानुपातिकमा ८४ गरी जम्मा ९० जना महिलाले अवसर पाएका छन् । राष्ट्रिय सभामा २१ महिला सदस्य छन् । यसै गरी प्रदेशसभामा प्रत्यक्षमा १७ र समानुपातिकमा १ सय ७२ गरी १ सय ८९ जना महिला सांसद बनेका छन् ।

महिला सहभागिताको हिसाबले हेर्दा गएको स्थानीय निर्वाचनले स्थानीय स्तरमा महिलाको राजनीतिक जागरणका निम्ति महत्त्वपूर्ण भूमिका खेल्यो ।

यस निर्वाचनमार्फत देशभर ७ प्रमुख, २ सय ७६ उपप्रमुखसहित अन्य विभिन्न पदमा गरी जम्मा १४ हजार ३ सय ८ महिला विजयी भएका छन्, जुन कुल जनप्रतिनिधिको ४०.९ प्रतिशत हो । यसका बावजुद पनि महिलालाई उपप्रमुखमै सीमित राख्ने नियत विडम्बनापूर्ण छ ।

हालै प्रमुख राजनीतिक दलहरूमा एकपछि अर्कोको महाधिवेशन हुँदै छ तर महिला सहभागिता र समावेशिता भने त्यस्तो उत्साहजनक छैन । समावेशी राजनीतिक एजेन्डा सबैभन्दा चर्को रूपमा उठाउने पार्टीहरूले नै आफ्नो संगठनका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता पुऱ्याउन सकस देखिन्छ, केन्द्रीय पदाधिकारी तहमा त प्रतिनिधित्व नै नगन्यजस्तै छ ।

महिलाको संख्या सधैं संविधानमा लेखिएको क्लस्टर पुऱ्याउनका लागि मात्र जबसम्म गणना गरिन्छ, तबसम्म केही हुनेवाला छैन । महिला सहभागिताको नाममा आनै श्रीमती, परिवारका सदस्य र आफन्तको नाम प्रयोग गरेर आफ्नो स्वार्थ पूरा गर्ने परिपाटी पनि अन्त्य हुनुपर्छ ।

झा संवैधानिक कानूनकी अध्येता हुन् ।

कन्तिपुरबाट साभार

गाँजासहित हेटौंडाबाट ३ जना पक्राउ

○ सहीखबर संवाददाता

मकवानपुर/ मकवानपुर प्रहरीले ६९ किलो ५ सय ग्राम लागूऔषध गाँजासहित हेटौडाबाट ३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कैलाश गाउँपालिका वडा नम्वर- ५ घर भई हाल हेटौंडा उपमहानगरपालिका वडा नम्वर-७ कमाने बस्दै आएका ३४ बर्षीय सिताराम मोक्तान, कैलाश गाउँपालिका वडा नम्वर- १ बस्ने ३३ बर्षीय अमरबहादुर गिरी र सोही स्थान बस्ने २६ बर्षीय इन्द्रबहादुर मोक्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनीहरूलाई सोमबार साँझ प्रहरीले हेटौंडा उपमहानगरपालिका वडा नम्वर- १ स्थित पालुङ बसपार्कबाट पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा ना १ ह ७६३८ नम्वरको अटोलाई चेकजाँच गर्दा तरकारीको बोरा भित्र लुकाई छिपाई ल्याइएको १० वटा पोकाको साढे ६९ किलो गाँजा फेला परेपछि प्रहरीले उक्त अटो नियन्त्रणमा लिनुको साथै गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजकुमार सापकोटा जानकारी दिए ।

३४ बर्षीय मोक्तान अटो चालक हुन् भने अन्य दुई जना लागूऔषध गाँजा ओसार पसारमा संलग्न भएको पाइएकोले प्रहरीले पक्राउ गरेको हो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको समेत प्रहरीले जनाएको छ ।



सहीखबर अनलाइन संस्करणबाट


सहीखबर
www.saheekhabar.com
२०७८ पुस १५ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

माघ १६ देखि हेटौंडामा शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडामा शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता हुने भएको छ । बागमती प्रदेशको राजधानी हेटौडामा आगामी माघ १६ गतेदेखि माघ २६ गतेसम्म प्रतियोगिता हुने भएको हो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले मोफसलमा गर्दै आएको मुख्य ठूला ६ गोल्डकप फुटबल



प्रतियोगिताहरूको मिति सार्वजनिक गरेसंगै हेटौंडामा शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता माघ १६ गतेबाट हुने भएको हो ।

यसै गरि,एन्फाले सार्वजनिक गरेको मितिमा माघ ६ देखि १५ गतेसम्म पोखरामा आहा रारा गोल्डकप,फागुन १४ देखि २१ सम्म बुटवलको तिलोत्तमा गोल्डकप, सोही मितिमा इटहरी गोल्डकप,फागुन १९ देखि २८ सम्म पोखरा गोल्डकप र फागुन २६ देखि चैत्र ५ गतेसम्म सिमरा गोल्डकप हुने भएको छ ।

नेपाली कांग्रेसको मकवानपुर जिल्ला अधिवेशन पुस २७ गते

○ सहीखबर संवाददाता

मकवानपुर । नेपाली कांग्रेस मकवानपुरको जिल्ला अधिवेशन पुस २७ गते हुने भएको छ । कांग्रेस केन्द्रीय समिति बसेको बैठकले मकवानपुरसहित १६ जिल्लाको अधिवेशनको मिति तोकेको हो । प्रदेश २ का ८ जिल्लासहित सिन्धुली, सिन्धुपाल्चोक, चितवन, मकवानपुर, बाँके, कैलाली, अछाम र नवलपुरमा जिल्ला अधिवेशन बाँकी रहेको नेपाली काग्रेस निर्वाचन समितिका जनाएको छ ।

मकवानपुरमा कांग्रेसले १ सय २ वटै वडा र १० वटै पालिकास्तरको अधिवेशन सम्पन्न गरिसकेको छ । जिल्लाको क्षेत्रीय अधिवेशन, प्रदेश अधिवेशन र संघीय अधिवेशनसमेत सम्पन्न भइसकेको छ ।

मकवानपुरका सभापति इन्द्रबहादुर बानियाँ बागमती प्रदेश सभापति पदमा निर्वाचित भएका छन् । २७ गते हुने अधिवेशनमा मकवानपुरका आधा दर्जन नेताहरूले सभापति पदमा आकांक्षा देखाएका छन् ।

जिल्ला उपसभापति विष्णुप्रसाद लामिछाने, सचिव बुद्ध लामा, पूर्व सभापति र घुरमण न्यौपाने, निवर्तमान हेटौंडा उपमहानगर सभापति आनन्दराम पराजुली, कांग्रेस नेता अशोक शाक्यलगायतको नाम सभापतिको चर्चामा छ ।

यद्यपी कसैले पनि आधिकारिक रूपमा उम्मेदवारी घोषणा भने गरि सकेका छैनन् ।

निर्माणाधिन क्याम्पा रंगशालालाई जोशीको ५ लाख सहयोग घोषणा

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले हेटौंडा-५ मा निर्माणाधिन क्याम्पा रंगशालाका लागि ५ लाख रूपैयाँ सहयोग गर्ने भएका छन् ।

पिप्ले युवा क्लबद्वारा निर्माण हुँदै गरेको क्याम्पा रंगशालाको सोमबार जोशीले अवलोकन गरेका थिए । अवलोकन पछि जोशीले उक्त रकम सहयोगको घोषणा गरेको पिप्ले युवा क्लबका अध्यक्ष सुशील घिमिरेले जानकारी दिए ।

स्थानीय सरकार, विभिन्न संघ, संस्था र व्यक्तिको सहयोगमा नागरिकस्तरबाट निर्माणाधिन रंगशालाका लागि नियमित जसो सहयोग प्राप्त भइरहेको क्लबका अध्यक्ष घिमिरेले बताए । क्याम्पा रंगशालामा ३ हजार ५ सय दर्शक क्षमताको आरसीसी प्यारापिट तथा ३ हजार दर्शक क्षमताको फलामे ट्रसको प्यारापिट बनाइँदै छ ।

जोशीले उपलब्ध गराउने घोषणा गरेको रकमबाट फलामे ट्रसको प्यारापिट नै निर्माण गरिने अध्यक्ष घिमिरेले बताए ।

कौडा खेलिरहेका ८ जना पक्राउ

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर प्रहरीले कौडा खेलिरहेको अवस्थामा आइतबार ८ जनालाई पक्राउ गरेको छ ।

जिल्लाको बकैया गाउँपालिका-९ बैरूङ्दमार स्थित खुल्ला चौरमा कौडा खेलिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ पर्नेहरूमा बकैया ९ हर्कपुर बस्ने ३६ वर्षीय दावा लामा बम्जन, ४ ठुलोथली बस्ने ४० वर्षीय दिपलाल थोकर,सेतोभिर बस्ने ४९ वर्षीय सुन्दर घिसिङ,५५ वर्षीय राम बहादुर थिङ, ५ पाङ्खेखोला मगरटोल बस्ने ३२ वर्षीय शुसिल लामा, ३८ वर्षीय कमल थिङ, वडा नंबर ११ गमलटार बस्ने ४५ वर्षीय बिजय वाईबा र २६ वर्षीय आकाश न्यासुर रहेका छन् । प्रहरीले उनीहरूको साथबाट नगद ६७ हजार ६ सय ३५ रूपैयाँ र कौडा बरामद गरेको छ ।

बैरूङ्दमार स्थित चौरमा कौडा खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय फापरबारी, वडा प्रहरी कार्यालय हेटौंडा र प्रहरी चौकी हात्तिसुँडेबाट खटिएको प्रहरीले आइतबार दिउँसो उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीले कौडा खेलिरहेको अवस्थामा पक्राउ परेका ८ जनालाई नगद ६७ हजार ६ सय ३५ रूपैयाँ सहित सार्वजनिक गरेको छ ।पक्राउ परेकालाई जिल्ला प्रशासन कार्यालय मकवानपुर बाट ७ दिनको म्याद अनुमती लिई आवश्यक अनुसन्धान तथा कारवाही भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

ज्योतिको चित्रकला कार्यशाला समापन



○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा-१८ स्थित ज्योति माविले आयोजना गरेको राष्ट्रिय चित्रकला कार्यशाला मंगलबार सकिएको छ । माध्यामकि तहमा चित्रकला विषय पठनपाठन गर्ने लक्ष्यसहित विद्यालयको ५५ औं स्थापना दिवसको अवसरमा ५ दिने कार्यशालाको आयोजना गरिएको थियो ।

ज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क रम्तेलका अनुसार विद्यालय पसिरसमा खुल्लारूपमा सञ्चालन गरिएको कार्यशालाको सजिलैसँग विद्यार्थीले अवलोकन गरेका छन् । १८ जना चित्रकारले कार्यशालामा चित्र तयार गर्नुका साथै विद्यालयमा अध्ययनरत विद्यार्थीलाई चित्रकलाको जानकारी समेत गराइएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रम्तेलको सभाध्यक्षता तथा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास राज्यमन्त्री



सन्तबहादुर प्रजाको प्रमुख आतिथ्यमा समापन कार्यक्रम भएको हो । विद्यालय स्थापना दिवसकै अवसरमा अवकाश पाउने शिक्षकहरूको विदाई गर्नुका साथै चित्रकला कार्यशाला समापनको दिन विद्यालयको शैक्षिक भवनको समेत उद्घाटन गरिएको छ ।

ज्योति माविमा १ हजार २ सय विद्यार्थी अध्ययनरत छन् ।

जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगितामा १२ टिम खेल्दै

○ सहीखबर संवाददाता

मकवानपुर । आमभञ्ज्याङ युवा क्लबको आयोजनामा आजबाट सुरू हुने जिल्लास्तरीय र निःशुल्क पुरूष भलिबल प्रतियोगितामा १२ टिम खेल्ने भएका छन् ।

मकवानपुरगढी गाउँपालिका आमभञ्ज्याङमा आयोजना हुने प्रतियोगितामा आयोजकसहित मकवानपुर जिल्ला भित्रका १२ टिमले सहभागिता जनाउने छन् । आयोजकले मंगलबार प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको छ ।

खेल तालिकाअनुसार प्रतियोगितामा सहभागी १२ टिमलाई ४ समुहमा विभाजन गरिएको छ । जसअनुसार प्रत्येक समुहमा ३ टिम रहेका छन् । लिगकम नकआउट चरणमा हुने प्रतियोगितामा समुह चरणका खेलपछि हरेक समुहबाट समुह विजेता र उपविजेता क्वार्टरफाइनल प्रवेश गर्दै नकआउट चरणमा खेल्ने छन् । प्रतियोगितामा आमभञ्ज्याङ युवा क्लब एर बी, कैलाश गाउँपालिका, नागरिक सचेत समुह, बज्रबाराही युवा क्लब, मेतोक युवा क्लब, बकैया गाउँपालिका, हटिया स्पोर्टस् एकेडेमी, भानु मावि, कोर्टडाँडा युवा क्लब, आग्रा खेलकुद विकास समिति थाहा नगर पालिका र छहारी युवा क्लबको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेताले ६६ हजार ६ सय ६६ रूपैयाँ र उपविजेताले ३३ हजार ३ सय ३३ रूपैयाँ प्राप्त गर्ने छन् । तेस्रो हुने टिमले पनि १५ हजार रूपैयाँ पाउने

आमभञ्ज्याङ युवा क्लबका अध्यक्ष राजेश अधिकारीले जानकारी दिए । यस्तै विधागत उत्कृष्ट खेलाडीलाई समेत पुरस्कार प्रदान गरिने जनाइएको छ ।

खेल तालिका अनुसार पुस १४ गते बुधबारबाट प्रतियोगिता आयोजना हुने भनिए तापनि प्रतियोगिता १ दिन पछाडी धकेलिएको हो । मंगलबार रातीदेखि लगातार पानी परेका कारण खेल पुस १५ गतेदेखि सुरू हुनेगरी एक दिनलाई सारिएको कार्यक्रम संयोजक इन्द्रप्रसाद सञ्जेलले जानकारी दिए ।

बालबालिकालाई यथोचित समय दिने गरौं ।

२०७८ पुस १५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

‘द भ्वाइस किड्स नेपाल’का जेनिस उप्रेतीले हेटौंडा आएर मागे भोट

○ सहीखबर संवाददाता



मकवानपुर/नेपालकै चर्चित रियालिटी सो द भ्वाइस अफ नेपाल किड्स सिजन वानमा दमदार प्रस्तुति दिदै दर्शक तथा कोचको मन जित्दै आएका मकवानपुरे जेनिस उप्रेतीले भोट गर्न अपिल गरेका छन् ।

हेटौंडामा शनिबार पत्रकार सम्मेलन मार्फत् उप्रेतीले भोट गर्न अपिल गरेका हुन् । जेनिस भ्वाइस अफ नेपाल किड्सको डिजिट, ब्ल्याण्ड र ब्याटल राउण्ड हुँदै लाइभ राउण्डमा प्रवेश गरिसेका छन् । अब उनलाई अगाडि बढ्नको लागि कोचको मन जितेर मात्रै पुग्दैन। उनलाई दर्शकको माया साथसाथै अत्याधिक भोटको समेत आवश्यक पर्दछ । उनले आफुलाई भोट गरेर प्रतियोगिताको अगाडि बढाई दिनुहुन अनुरोध गरेका छन् ।

को हुन् जेनिस

जेनिसको जन्म विं.सं. २०६७ सालमा हेटौंडा उपमहानगरपालिका वडा नं. १९ बस्तिपुरमा भएको हो । उनको आमा केही महिना अघि मात्रै क्यान्सरसंगै कोरोनाको कारण मृत्यु भइसकेको छ । बाबु पनि बैदेशिक रोजगारीमा खाडी मुलुकमा छन् । चार बषकै उमेरमा गीत गाउन शुरु गरेको जेनिस अहिले ११ बर्षको भए ।

उनका बाबु रोजगारीको शिलशिलामा कुवेत बिगत १० बर्षदेखि सवारी चालकको रुपमा छन् । सानै उमेरमा आमाको साथ गुमाएका जेनिस अहिले काकासंगै चितवनमा बस्दै आएका छन् । उनी अहिले चितवनको मोडन बोर्डिङ स्कुलमा कक्षा ६ माअध्ययनरत छन् ।उनका अविभावकका अनुसार उनले ४बर्षको उमेर विद्यालयमा अविभावक भेलामा गीत गाउन शुरु गरेका थिए ।

द भ्वाइस अफ नेपाल र किड्सको छोटो सयममा नै कोच फर्काउन सफल भएका जेनिस पहिलो सिजनको प्रमुख उपाधि दाबेदार का रुपमा समेत लिइएको छ ।

उनले ब्ल्याण्ड राउण्डमा उदित नारायण झा र दीप नारायण झाको स्वरमा रहेको ‘ए मरो हजुर’ बोलको गीत गाउँदै चारैजना कोचलाई आफूतिर फर्काएका थिए । त्यस्तै ब्यटल राउण्डमा जेनिसले दिप्सन खत्री र निमेश शर्मालाई पछि पार्दै लाइभ राउण्मा प्रवेश गरेका थिए । उनले ब्याटल राउण्डमा उदित नारायणकै स्वरमा रहेको ‘यो गाउँको ठिटो म’ बोलको गीत गाएका थिए ।

जेनिस दुईपटक द भ्वाइस अफ नेपालको उपाधी जिताउन सफल टिम प्रमोदको टिम रहेका छन् । कोच प्रमोदको टिममा जेनिससंगै, सम्बृद्धि परियार, शुभम् निरौला, सिम्रन आले, दर्शिल पन्त र रुक्साना लिम्बु रहेका छन् । जसमा आगामी हप्ताकोच प्रमोदको टिमबाट कमभोट ल्याउने दुई जना प्रतियोगिताबाट बाहिरिने छन् ।

यदी जेनिसले टिम प्रमोदबाट टप १६ मा स्थान बनाएको खण्डमा टप ८ हुँदै उत्कृष्ट ४ मा स्थान बनाउने छन् । त्यस पश्चात पहिलो द भ्वाइस अफ नेपाल किड्सको उपाधिको लागि प्रतिस्पर्धा गर्नेछन् । उपाधि जित्नको लागि त्यहाँ पनि कोचको कुनै हात हुने छैन । दर्शककै साथ, सहयोग र भोटको आवश्यकता पर्दछ ।

हेटौंडामा जन्मेको दुई बर्षमा उनलाई आमाले झापा मामाघर लिएर गएका थिए । त्यसपछि उनको करिब ८ बर्ष मामाघरमै बित्यो । सोही क्रममा उनले संगीतको कक्षा पनि लिएका थिए । जेनिसका अविभावका अनुसार उनले संगीत सिक्न थालेको चार बर्ष भइसकेको छ । उनको संगीतमा लगाब भने ४ बर्षको उमेरदेखि नै थियो ।

यही शुक्रबारबाट द भ्वाइस किड्समा लाइभ राउण्ड चलिरहेको छ । लाईभ राउण्डदेखि प्रतियोगिलाई अगाडि लैजाने कोचको कुनै हातहुँदैन । पूर्ण रुपमा दर्शकको माया, साथ र सहयोगको मुख्य भूमिका र हन्छ कुन प्रतियोगिलाई अगाडि बढाउने भन्ने । अहिले लाइभ राउण्डमा चारजना कोचका ६-६ जना गरी कुल २४ जनाप्रतियोगि रहेका छन् । जसमा आगामी हप्ता भ्वाइस किड्समा १६ जनाले टप १६ मा स्थानबनाउने छन् भने बाँकी आठ जनाप्रतियोगिताबाट बाहिरिने छन् ।

यसरी भोट गर्ने ?

जेनिसालाई भोट गर्नको लागि खाल्टी एप्स डाउन्लोड गर्नुपर्नेछ । सोही एप्स मार्फत आफुले चाहे अनुसार अधिकतम् करिव पाँच हजार मुल्य बराबरको भोट गर्न सकिनेछ भने एक भोट नि:शुल्क पनि गर्न सकिनेछ ।

जनपत्र डटकमको सहयोगमा

साइबर अपराधको ...

तथा प्रविधि विभागलाई सम्बन्धित विभाग तोकिएको छ। सामाजिक सञ्जालको दर्ता र नियमनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।’ यो विधेयकमा उल्लेखित व्यक्तिलाई संशोधन गरी संस्था बनाउनुपर्छ। संस्था या कम्पनी भनी उल्लेख भएमा फेसबुक, ट्वीटर, युटुब, टीकटकहरू स्वतः पर्छन् । सामाजिक सञ्जाल दर्ता नहुँदा एकातिर अनुसन्धानमा कठिनाई भइरहेको छ भने अर्कातिर सामाजिक सञ्जालमार्फत विदेशिने गरेको ठुलो धनराशि ट्याक्सको दायरामा आउँछ ।

भारतमा फेसबुकले नयाँ दिल्ली, हैदरावाद, मुम्बई, गुडगाउँ र बैंग्लोर गरी पाँच वटा अफिस राखेको छ । त्यसैगरी ट्वीटरले नयाँ दिल्ली, मुम्बई र बैंग्लोरमा गरी तीन वटा कार्यालयहरू रहेका छन् । भारतमा कानूनमन्त्रीले नीति बनाएर सबै सामाजिक सञ्जाललाई कार्यालय स्थापना गरी कम्तिमा तीन जना स्टाफ राख्न आह्वान गरेका थिए । नेपालमा पनि संसद्ले सूचना तथा प्रविधिसम्बन्धी विधेयकलाई परिमार्जन गरी पास गरेर सरकारले सामाजिक सञ्जाल दर्ताका लागि आह्वान गर्नु पर्दछ ।

बढ्दो साइबर अपराधलाई अनुसन्धानको दायरामा ल्याउन हामीसँग साइबर कानून छैन । अहिले प्रयोग भइरहेको विद्युतीय कारोबार ऐन साइबर अपराधका लागि बनेको होइन । साइबर अपराधका विविध पक्षलाई यसले समेट्न सक्दैन ।

मानिसको व्यक्तिगत जीवनमा जत्तिकै साइबर अपराधको जोखिम राष्ट्रिय सुरक्षामा पनि हुन्छ । व्यक्तिगत जीवनमा गोपनीयताका कुराहरू हुन्छन्, आर्थिक कारोबारदेखि व्यक्तिगत कुराकानी र सम्बन्धका कुराहरू होलान् । राष्ट्रका लागि सूचना सुरक्षाको कुरा हुन्छ । हामीकहाँ राष्ट्रिय साइबर सुरक्षा नीति अति आवश्यक कुरा हो तर त्यस प्रकारको नीति र आवश्यक कानून छैन ।

भोलि राष्ट्रिय सुरक्षामा आँच आउने प्रकारको साइबर हमला भयो भने ‘इमर्जेन्सी रेस्पोन्स’का लागि हामीसँग कुनै तयारी छैन । संसद्मा विचाराधीन विधेयकमा साइबरसम्बन्धी संवेदनशील पूर्वाधार तोक्न सक्ने, सूचना प्रविधि आकस्मिक सहायता समूह, साइबर बुलिङ, साइबर आतङ्क, अश्लील सामाग्री, विद्युतीय प्रणालीको दुरूपयोगलगायतका कुराहरू स्पष्ट उल्लेख छन् ।

साइबर क्राइम बढ्दै जाँदा पनि कानून नबन्नु आश्चर्यको विषय हो । अन्य देशमा कानूनको कार्यान्वयन र थप संवेदनशीलताको कुरा जोडतोडले उठिरहेका बेला हामी कानूनको माग गरिरहेका छौं । हामीकहाँ साइबर कानूनका साथै सूचना सुरक्षा शिक्षा र डिजिटल साक्षरता अत्यावश्यक भइसकेको छ, सरकारको ध्यान जाओस् ।

घटना र विचारबाट साभार

नयाँ भेरियन्टले संक्रमितको सुनामी ल्याउँदैछः डब्लूएचओ



कोभिडको नयाँ भेरियन्ट ओमिक्रोन र डेल्टा भेरियन्टका कारण संक्रमितको सुनामी ल्याउने विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले चेतावनी दिएको छ ।

युरोप र अमेरिकामा कोभिड संक्रमितहरूको संख्या आश्चर्यजनक ढंगले बढिरहेका बेला डब्लूएचओका प्रमुख डा. टेड्रोस एड्हानोम गेहब्रेयससले सो चेतावनी दिएका हुन् ।


‘स्वास्थ्य प्रणालीहरू काम गर्न नसक्ने अवस्था पुगेका छन भने स्वास्थ्यकर्मीमा चाप थपेको छ । कोभिडका नयाँ संक्रमणल संक्रमितको सुनामी ल्याउनेछ,’ डा. गेहब्रेयससले भने । डब्लूएचओका अनुसार विश्वभर दैनिक नौ लाखभन्दा बढी संक्रमित थपिएका छन् । संक्रमण फैलिएपछि विभिन्न देशहरूले बुस्टर डोज दिन सुरू गरेका छन् । युरोपका विभिन्न देशहरूमा भने लकडाउन र नयाँ प्रतिबन्धहरू घोषणा गरिएका छन् ।

फ्रान्स र बेलायतमा अप्रत्यासित रूपमा दैनिक संक्रमितहरूको संख्या बढिरहेको छ । छिमेकी मुलुक भारतमा राजधानी नयाँ दिल्लीलगायत केही राज्यमा रात्रीकालीन कर्फ्यू घोषणा गरिएका छन् । ***राजधानी दैनिकको सहयोगमा तयार पारिएको ।***

२०७८ पुस १५ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रदेश योजना आयोगमा कृष्ण पन्त नियुक्त

मकवानपुरका प्रल्हाद लामिछाने सदस्य





○ सहीखबर संवाददाता

मकवानपुर/बागमतीको प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा डा.कृष्णराज पन्त नियुक्त भएका छन् ।

बागमतीको प्रदेश सरकारको पुस ९ गतेको मन्त्रीपरिषद्को बैठकले चितवनका पन्तलाई प्रदेश योजना आयोगको उपाध्यक्षमा नियुक्त गरेको हो ।

जवाहरलाल नेहरु विश्वविद्यालयबाट आर्थिक विकेन्द्रीकरण सार्वजनिक सेवा प्रभाह र गरिबी विषयमा विद्यावारिधी प्राप्त गरेका पन्त विकेन्द्रीकरण तथा सार्वजनिक सेवा प्रवाहका विषयका जानकार मानिन्छन् ।

सोही आयोगको सदस्यमा मकवानपुरका प्रल्हाद लामिछाने पनि नियुक्त भएका छन् । लामिछाने संविधानसभा सदस्य समेत हुन ।

यसैगरी पुस १४ गतेको मन्त्रीपरिषद्को बैठकले भक्तपुरका राजु नेपाललाइ पनि सदस्यमा नियुक्त गरिएको छ । बैठकले मन्त्रीपरिषद्को बैठक लगत्तै आयोगका नवनियुक्त उपाध्यक्ष र सदस्यहरूले नियुक्त भए लगत्तै पद तथा गोपनीयताको सपथ लिएका छन् । बुधवार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बागमतीका मुख्यमन्त्री राजेन्द्र पाण्डेले नवनियुक्त पदाधिकारीहरुलाई सपथ गराएका हुन् ।

मुख्यमन्त्री अध्यक्ष रहने प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष १ र सदस्य ४ गरी पाँच सदस्यीय मनोनित पदाधिकारी रहने व्यवस्था रहेको छ ।

सरकारले हाल उपाध्यक्षसहित दुई सदस्य मात्रै नियुक्त गरेको मुख्यमन्त्री पाण्डेका निजी सचिव अच्युत प्रसाद उपाध्यायले जानकारी दिए ।

उनका अनुसार समावेशीता क्षेत्रबाट महिला अनिवार्य सदस्य रहने गरी थप दुई सदस्य नियुक्त गर्ने तयारी मुख्यमन्त्री पाण्डेको रहेको छ ।

बागमतीमा प्रदेश नीति तथा योजना आयोगको नियक्तिसँगै आवधिक योजनाको समिक्षा तथा आगामी वर्ष २०७८।७९ को योजना तर्जुमा प्रक्रिया अघि बढने आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

हेटौडा ८ का २४ जना एमालेमा प्रवेश

○ सहीखबर संवाददाता

मकवानपुर/हेटौडा उपमहानगर पालिका वडा नं. ८ का २४ जना एमालेमा प्रवेश गरेका छन् ।

मंगलबार नेकपा एमाले पार्टी कार्यलय हेटौडामा भएको पार्टी प्रवेश कार्यक्रममा नेकपा माओवादी केन्द्रका जिल्ला सदस्यहरु सहित स्थानीन तहमा वडा अध्यक्षका उम्मेद्वार, वाईसिएल नेपालका जिल्ला सदस्य सहित एमाले प्रवेश गरेका हुन् ।

एमाले प्रवेश गर्नेहरुमा माओवादी केन्द्रका जिल्ला सदस्य तथा वडा अध्यक्षका उम्मेद्वार धर्मराज पुडासैनी, जिल्ला सदस्य परमानन्द मिश्र, माओवादी केन्द्रका नगर कमिटि सदस्य सादुराम राउत, होमनाथ खनाल, माओवादी केन्द्र हेटौंडा ८ का वडा सचिव सुजन कार्की, वडा कमिटि सदस्यहरु साधुराम ग्यावा, सुर्य खनाल, रिता अधिकारी, वाईसियल जिल्ला सदस्य विराज गौतम, सन्तोष डंगोल लक्षु उप्रेती, अमृत डिडमडुम, प्रदिप मिश्र लगाएतका दुई दर्जन माओवादी नेता कार्यकर्ता छन् ।

पार्टी प्रवेश गर्नेहरुलाई एमाले केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर राना, केन्द्रीय सदस्य कृष्णप्रसाद दाहाल सहितका टोलीले स्वागत गरेका थिए ।

लिङ्गको आधारमा कसैलाई पनि भेदभाव नगरौं, सचेत र सभ्य समाज निर्माणमा आफ्नो तर्फबाट योगदान गरौं ।

● *सहीखबर*

जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं

●तातो झोलिलो पदार्थ प्रसस्त मात्रात्रा पिउने गरौ

●न्यायो कपडा लगाऔं । ●ताजा र पौष्टिक खानेकुरा खाऔं ।

●घाम वा आगो तापौं । ●तेल मसाज गरौं ।

●शारिरीक व्यायम गरौं ।

●बालबालिका ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं ।

●जाडोबाट बच्ने नाममा धुमपान, मध्यपान नगरौं

●स्वास्थमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड